# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

## प्रेस विज्ञप्ति

धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं. ४, पुष्पवलपुर बस्ने गौरीमाया तमाङ्ग, निजको पती हर्षमान घिसिङ्ग तामाङ्ग तथा निजको छोरा कमल बहादुर तामाङ्ग र छोरी संगीता लामा मिति २०८२/०४/२९ गतेका दिन मि.न.पा वडा नं. ४ को कार्यालयमा बाँसको लाठी बजादैं जवरजस्ती प्रवेश गरी गैर कानुनी सिफारिसको लागि वडा अध्यक्ष श्री चन्द्र बहादुर बुलन तथा वडा सचिव श्री सत्यमान थिङ्गलाई अभद्र गाली गलौच गरेको, वडा सचिव उपर भौतिक आक्रमणको समेत दुष्प्रयास गरेको दुःखद घटना प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

जनताको सबैभन्दा नजिकको सरकारको प्रतिनिधिको रुपमा अहोरात्र जनसेवामा खट्ने जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी माथी हुने यस प्रकारको अभद्र व्यवहारले राष्ट्रसेवकको मनोवल कमजोर मात्र नभई अराजकता बढी कानूनी राज्यको समेत खिल्ली उडाएको भान हुन्छ । अतः दोषीहरुलाई तत्काल कानूनी दायरामा लिई भयरहित तवरले कार्यालयमा कामकाज गर्ने वातावरणको सृजना गरिदिन हुनको लागि सम्बन्धित निकायसँग जोडदार माग गर्दछौं ।

मितिः२०८२/०५/०२

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत